# <u>प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक</u>

**प्रस्तावना**:प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई तत्काल समसामयिक संशोधन गर्न बाञ्छनीय भएकोले,

बागमती प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश आर्थिक कार्यविधि (पहिलो संशोधन) ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ९ मा संशोधन**:प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ को दफा ९को उपदफा (१) र (२) मा भएको “एक महिना” भन्ने शव्दहरुको सट्टा “पन्ध्र दिन” भन्ने शव्दहरु राखिएका छन्।

३. **खारेजी र बचाउ**:(१) प्रदेश आर्थिक कार्यविधि ऐन(पहिलो संशोधन)अध्यादेश , २०७७ खारेज गरिएको छ।

(२) प्रदेश आर्थिक कार्यविधि (पहिलो संशोधन) अध्यादेश, २०७७ बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।